ब्याँस गाउँकार्यपालिका बैठक संख्या ४ बैठक मिति २०८१।०८।१७

आज मिति२०८१/०८/१७ गतेका दिनवस ब्याँस गाउँपालिका सुनसेरा दार्चुलाका अध्यक्ष श्री मंगल सिह धामीज्यूको अध्यक्षतामा ब्याँस गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमका प्रस्तावहरु माथी छलफल गरी निम्न निर्णयहरु पारित गरिए।

| नाम थर | पद |
|---|---|
| ........... मंगल सिह धामी | गाउँपालिका अध्यक्ष |
| ........... विनोद सिह कुँवर | गाउँपालिका उपाध्यक्ष |
| ........... अशोक सिह बोहरा | वडा अध्यक्ष वडा नं १ |
| ........... धिरन सिह बुढाथोकी | वडा अध्यक्ष वडा नं २ |
| ........... उपेन्द्र सिह धामी | वडा अध्यक्ष वडा नं ३ |
| ........... झुन सिह बिष्ट | वडा अध्यक्ष वडा नं ४ |
| ........... बिर सिह धामी | वडा अध्यक्ष वडा नं ५ |
| ........... राजेन्द्र सिह कुँवर | वडाध्यक्ष वडा नं ६ |
| ........... जसपाल सिह बुढाथोकी | कार्यपालिका सदस्य |
| ........... आसमती विकि | कार्यपालिका सदस्य |
| ........... कलम राम भूल | कार्यपालिका सदस्य |
| ........... कलावती डडाल | कार्यपालिका सदस्य |
| ........... धाना देवी बम | कार्यपालिका सदस्य |
| ........... पूर्णिमा ऐतवाल | कार्यपालिका सदस्य |
| ........... चन्द्र सिंह कुँवर | सदस्य सचिव |

ब्याँस गाउँकार्यपालिका बैठक संख्या ४ बैठक मिति: २०८१।०८।१७

प्रस्तावहरु:

१.प्रधानमन्त्री रोजगार कार्यक्रमका योजना छनौट सम्बन्धमा।

२.प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि वडागत लाभग्राही निर्धारण सम्बन्धमा।

३.रुट परिमटका लागि अनुमति सम्बन्धमा।

४."घ" वर्ग निर्माण व्यवसायी इजाजत पत्र प्रदान सम्बन्धमा।

५. मुर्ती खरिद भुक्तानी सम्बन्धमा।

६. कार्यविधि स्वीकृत सम्बन्धमा।

७.विविध।

निर्णयहरु

निर्णय नं १.प्रस्ताव नं १ माथी छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरु छनौट गर्ने निर्णय गरियो।

तपसिल

| क्र.स | आयोजनाको नाम | कैफियत |
|---|---|---|
| १ | खानेपानी मर्मत सम्भार | वडा नं २ देखि ६ सम्म |
| २ | स्थानीय बाटोघाटो निर्माण र मर्मत | वडा नं २ देखि ६ सम्म |

निर्णय नं २. प्रस्ताव नं २ माथी छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत चालु आर्थिक वर्षमा तपसिल बमोजिमका कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिम श्रमिक छनौट गरि पठाउन वडा कार्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो।

तपसिल

| क्र.स | प्लबर तालिम | डकर्मी तालिम | श्रमिक (१०० दिन) | गा.पा श्रमिक (३० दिन) | कै. |
|---|---|---|---|---|---|
| वडा नं २ | ५ जना | ३ जना | ६ जना | १५ जना | |
| वडा नं ३ | ५ जना | ३ जना | २ जना | १४ जना | |
| वडा नं ४ | ५ जना | ३ जना | १० जना | १५ जना | |
| वडा नं ५ | ५ जना | ३ जना | ४ जना | १५ जना | |
| वडा नं ६ | ५ जना | ३ जना | ८ जना | १५ जना | |

निर्णय नं ३. प्रस्ताव नं ३ माथि छलफल गर्दा यस ब्याँस गाउँपालिकाको केन्द्र सुन्सेरा सम्म सवारी बोक्ने जीपहरु नियमित रुपमा सञ्चालनका लागि अनुमति (रुट परमिट) प्रदान गरिदिन जिल्ला प्रशासन कार्यालय दार्चुलालाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं ४. प्रस्ताव नं ४ माथी छलफल यस ब्याँस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा "घ" वर्ग निर्माण व्यवसायी इजाजत पत्र प्राप्तीका लागि जय ब्रहम निर्माण सेवा फर्मका सञ्चालक नरेन्द्र बहादुर बमले निवेदन पेश गरेको हुँदा ब्याँस गाउँपालिका दार्चुलाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७५ अनुसार इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

ब्याँस गाउँकार्यपालिका बैठक संख्या ४ बैठक मिति २०८१।०८।१७

निर्णय नं ५. प्रस्ताव नं ५ माथी छलफल गर्दा यस ब्यासि गाउँपालिकाको कार्यालयले बुद्ध र महादेवको मुर्ती खरिद गरेकाले बिल बमोजिम रकम भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं ६. प्रस्ताव नं ६ माथी छलफल गर्दा ब्यासि गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अन्तरगतका तपसिल बमोजिमका कार्यविधिहरुलाई स्वीकृत गर्ने निर्णय गरियो।

तपसिल:

क) ब्यासि गाउँपालिका गुनासो व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१

ख) ब्यासि गाउँपालिका साना कृषि मेसिनरी उपकरण अनुदान कार्यक्रम कार्यविधि २०८१

ग) ब्याँसि गाउँपालिका आवास विहिन विपन्न नागरिकका लागि निजी आवास निर्माण अनुदान कार्यविधि २०८१

निर्णय नं ७.प्रस्ताव नं ७ (क) माथी छलफल गर्दा अति विपन्न तथा विदेशबाट फर्किएका विपन्न परिवारका सदस्य व्यवसाय उन्मुख युवा कृषकलाई प्रोत्साहन अनुदान कार्यक्रम (तरकारी खेती/ मौरी/ च्याउ/फलफुल/ खेती/प्लास्टिक घर निर्माण) कार्यविधि २०८१ लाई स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं ८. प्रस्ताव नं ७ (ख) माथी छलफल गर्दा यस ब्याँसि गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८१।०७।१३ गतेको बैठकले यस गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत लेखापाल गोपाल सिंह विष्टलाई आर्थिक जिम्मेवारीबाट हटाउने निर्णय गरेकोमा उक्त निर्णयलाई परिमार्जन गर्दै आर्थिक कारोबार सञ्चालन जिम्मेवारी यथावत राख्ने निर्णय गरियो।

निर्णय नं ९.प्रस्ताव नं ७ (ग) माथी छलफल गर्दा यस ब्याँसि गाउँपालिका अन्तरगत विभिन्न वडाहरुमा वर्षादको समयमा कर्मचारीलाई जिम्मेवारी दिई बाटोघाटो मर्मत तथा काठेपुल निर्माण गरिएको हुँदा प्राविधिक नापजाँच अनुसार विपद व्यवस्थापन कोष शिर्षकबाट नियमानुसार रकम भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं १०.प्रस्ताव नं ७ (घ) माथी छलफल यस ब्याँसि गाउँपालिका भित्रका विभिन्न वडाका वस्तीहरुमा विद्युत लाइन विस्तारका गर्नका लागि पोलहरु आवश्यक भएकोले उक्त विद्युत लाइन विस्तार गराउनका लागि नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र दार्चुलालाई पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं ११.प्रस्ताव नं ७ (ङ) माथी छलफल गर्दा यस ब्याँसि गाउँपालिका वडा नं ५ को वडा कार्यालयमा विद्युत मिटर जडान गरिएको तथा सामुदायिक स्वास्थ्य इकाइ तिग्रममा विद्युत मिटर र वाइरिङ गरिएको हुँदा विल अनुसार तथा प्राविधिक नापजाँच अनुसारको रकम भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं १२ प्रस्ताव नं ७ (च) माथि छलफल गर्दा यस ब्याँसि गाउँपालिकाको आ.व २०८१/०८२ मा प्रदेश समानिकरण वित्तिय हस्तान्तरण कार्यक्रम अन्तरगत प्रदेशबाट विनियोजन भई आएका विभिन्न योजनाहरुको उपभोक्ता समिति गठन गर्नका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं १३ प्रस्ताव नं ७ (छ) माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कार्य स्थलमा आधारित सिप विकास तालिमको लागि टेन्डर आह्वान गरी आवश्यक प्रकिया अगाडि बढाउने निर्णय गरियो।

ब्याँस गाउँकार्यपालिका बैठक संख्या: ५ बैठक मिति: २०८१।०८।१७

निर्णय नं १४ प्रस्ताव नं ७ (ज) माथि छलफल गर्दा यस ब्याँस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको लागि सहायक चौथो स्तर सरह १ जना कृषि प्राविधिक र १ जना अ.न.मी को लागि विज्ञापन मार्फत कर्मचारी भर्ना प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं १५ प्रस्ताव नं ७ (झ) माथि छलफल गर्दा यस ब्याँस गाउँपालिका अध्यक्ष मंगल सिंह धामी र प्रवक्ता उपेन्द्र सिंह धामीलाई कार्यालय कामकाजको लागि प्रदेश राजधानी धनगढी र संघीय राजधानी काठमाण्डौ पठाउने निर्णय गरियो ।

निर्णय नं १६ प्रस्ताव नं ७ (ञ) माथि छलफल गर्दा यस ब्याँस गाउँपालिका अन्तरगत तपसिल बमोजिमका संस्थाहरुले खेलकुदका लागि रकम माग गरेकाले तपसिल बमोजिमको रकम युवा तथा खेलकुद शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

| क्र.स | संस्थाको नाम | रकम रु · | कैफियत |
|---|---|---|---|
| १ | दुम्लिङ्ग युवा क्लब | ५०,०००/- | |
| २ | जय गोरखनाथ सचेतना समाज ब्याँस ४ | ५०,०००/- | |
| ३ | सुदूरपश्चिम दार्चुला हेन्डबल संघ | ४५,०००/- | |

निर्णय नं १७ प्रस्ताव नं ७ (ट) माथि छलफल गर्दा ब्याँस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अन्तरगतका आ.व २०८१/०८२ का योजना तथा कार्यक्रमहरुको लेखा शाखाबाट अन्तिम भुक्तानी सम्बन्धी भौचर उठाइसकेपछि रकम भुक्तानी हुनुभन्दा पूर्व प्रारम्भिक लेखा परिक्षण(**Pre-Audit**) गरेर मात्र अन्तिम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं १८ प्रस्ताव नं ७ (ठ) माथि छलफल गर्दा ब्याँस ४ सुन्सेरामा नौलामाण्डौ खानेपानी निर्माण तथा मर्मत सम्पन्न भएकोले उक्त कामको प्राविधिक मूल्याङ्कनको आधारमा रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं १९ प्रस्ताव नं ७ (ड) माथि छलफल गर्दा संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना महेन्द्रनगर कञ्चनपुरबाट ब्याँस गाउँपालिका वडा नं ३ मा सञ्चालित सिना-सुन्सेरा-हुति बृहत खानेपानी आयोजना विगत वर्षहरुमा नियमित बजेट विनयोजन भै कार्यान्वयनमा रहेको तर हाल उक्त आयोजनामा बजेट विनियोजन नभई आयोजना नै अलपत्र हुन गएकोले उक्त आयोजनाका लागि आवश्यक बजेट मागका लागि खानेपानी मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं २० प्रस्ताव नं ७ (ढ) माथि छलफल गर्दा ब्याँस गाउँपालिका वडा नं ३ सिना अन्तरगत सञ्चालित सिद्ध मा वि सिनामा विद्यार्थीहरुको चाप बढी भई भवन अभाव कारण विद्यार्थीहरुको बसाई व्यवस्थापनमा समस्या भएकोले उक्त विद्यालयको लागि भवन माग गर्नको लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं २१ प्रस्ताव नं ७ (ण) माथि छलफल गर्दा यस तपसिल बमोजिमका निवेदकहरुलाई अध्यक्ष अक्षय कोषबाट शैक्षिक प्रोत्साहन वापत तपसिल बमोजिमको रकम दिने निर्णय गरियो ।

| क्र.स | नामथर | ठेगाना | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | काशी राम कामी | ब्याँस ४ सुन्सेरा | १०,०००/- | १ जना |
| २ | माल्ती ऐतवाल | ब्याँस १ छाङरु | २०,०००/- | २ जना |

ब्याँस गाउँकार्यपालिका बैठक संख्या:४ बैठक मिति: २०८१।०८।१७

निर्णय नं २२ प्रस्ताव नं ७ (त) माथि छलफल गर्दा यस ब्याँस गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अन्तरगत आ.व २०८१/०८२ का तपसिल बमोजिमका योजनाहरु संशोधनका लागि अगामि हिउँदे गाउँसभामा पेश गर्न निर्णय गरियो।

| क्र.स | योजना तथा कार्यक्रम | रकम रु | संशोधन भएको शिर्षक | संशोधित रकम रु |
|---|---|---|---|---|
| १ | बसेडी विद्यालय घेरबार तथा वाल निर्माण | १०,००,०००/- | बसेडी विद्यालयमा घेरपर्खाल निर्माण | ५,००,०००/ |
| २ | तिंकर सडक निर्माण | ५,००,०००/- | बसेडी विद्यालयमा पर्खाल तथा ढल निकास | १०,००,०००/- |
| जम्मा | | १५,००,०००/- | | १५,००,०००/- |

निर्णय नं २३ प्रस्ताव नं ७ (थ) माथि छलफल गर्दा सरकारी कार्यालय कामकाजका लागि ब्याँस गाउँपालिका वडा नं ५ का अध्यक्ष विर सिंह धामी र वडा नं ४ अध्यक्ष झुन सिंह विष्टलाई प्रदेश राजधानी धनगढी पठाउने निर्णय गरियो।

निर्णय नं २४ प्रस्ताव नं ७ (द) माथि छलफल गर्दा ब्याँस गाउँपालिका वडा नं १ छाङरु साविकको ब्याँस गा.वि.स वडा नं ४ मा कित्ता नं ६१६ मा स्वास्थ्य चौकी छाङरु ब्याँसको नाममा जग्गा रहेको ठाउँमा आधारभुत स्वास्थ्य सेवा केन्द्र भवनको आवश्यक भएकोले उक्त भवन निर्माणका लागि आवश्यक बजेट मागका लागि स्वास्थ्य जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. 22 को क्र.सं.
(२) अन्तर्गतको तिंकर सडक
निर्माण शिर्षकको रकम अन्य
शिर्षकमा संशोधन गरिएकोले
अत्यावश्यक शिर्षकलाई नै [illegible]
संशोधन गरिएकोले कार्यान्वयनका
लागि [illegible] कार्यपालिका
सचिव ज्यूलाई अनुरोध गर्दछु।